स्थान :- नगरपालिकाको कार्यालय, पनौती
बैठक प्रारम्भ :-
बैठक अन्त्य :-

# पनौती नगर कार्यपालिकाको बैठक।

आज मिति २०८३/०५/१५ गतेको दिन पनौती नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रामशरण भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बसी देहायबमोजिमको निर्णयहरु गरियो।

## उपस्थिति :-

| क्र.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रामशरण भण्डारी | प्रमुख | पनौती न. पा. | [signature] |
| २. | श्री गिता बन्जरा | उप प्रमुख | पनौती न.पा. | [signature] |
| ३. | श्री जय कुमार तामाङ | वडा अध्यक्ष | वडा न. १ | [signature] |
| ४. | श्री पुरुषोत्तम अधिकारी | वडा अध्यक्ष | वडा न. २ | [signature] |
| ५. | श्री विष्णु प्रसाद सापकोटा | वडा अध्यक्ष | वडा न. ३ | [signature] |
| ६. | श्री दिपक प्रसाद दाहाल | वडा अध्यक्ष | वडा न. ४ | [signature] |
| ७. | श्री विनोद खत्री | वडा अध्यक्ष | वडा न. ५ | [signature] |
| ८. | श्री भिम प्रसाद आचार्य | वडा अध्यक्ष | वडा न. ६ | [signature] |
| ९. | श्री मविन ताम्राकार | वडा अध्यक्ष | वडा न. ७ | [signature] |
| १०. | श्री वेद प्रसाद बन्जरा | वडा अध्यक्ष | वडा न. ८ | |
| ११. | श्री सहकुल कुमार हुमागाई | वडा अध्यक्ष | वडा न. ९ | |

CamScanner

## पनौती नगर कार्यपालिकाको निर्णय किताब

आ.व. २०८३/०८४ बैठक संख्या: ०२ मिति २०८३/०५/१५

| क्र.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १२. | श्री मोहन बहादुर भण्डारी | वडा अध्यक्ष | वडा नं. १० | |
| १३. | श्री विपेन्द्र लामा | वडा अध्यक्ष | वडा नं. ११ | |
| १४. | श्री जयराम के. सी. | वडा अध्यक्ष | वडा नं. १२ | |
| १५. | श्री चण्डिका परियार | का. पा. सदस्य | वडा नं. ०८ | |
| १६. | श्री राधिका विश्वकर्मा | का. पा. सदस्य | वडा नं. ०४ | |
| १७. | श्री रुपा थापा | का. पा. सदस्य | वडा नं. ०३ | |
| १८. | श्री सुनमाया श्रेष्ठ | का. पा. सदस्य | वडा नं. ०६ | |
| १९. | श्री सुनिता वि.क. | का. पा. सदस्य | वडा नं. ०२ | |
| २०. | श्री अर्जुन घर्ती | का. पा. सदस्य | वडा नं. ०१ | |
| २१. | श्री मन्दिरा परियार | का. पा. सदस्य | वडा नं. १२ | |
| २२. | श्री सुवास राई | का. पा. सदस्य | वडा नं. ०९ | |
| २३. | श्री तोखिराम ओली | सचिव | पनौती न पा | |

**आमन्त्रीत :-**

| क्र.स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | महेश कोइराला | शाखा प्रमुख, पुर्वाधार वि. [illegible] इन्जिनियर | |
| २. | लक्ष्मण दाहाल | शा. प्र. आर्थिक प्रशासन शाखा | |
| ३. | नविन [illegible] | ने. सहायक | |
| ४. | | | |

पनौती नगर कार्यपालिकाको निर्णय किताब

आ.व. २०८२/०८३ | बैठक संख्या: ०२ | मिति २०८२/०५/१९

**प्रस्तावहरु:-**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. पनौती नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक समीक्षाको मिति तोक्ने सम्बन्धमा ।

३. बागमती प्रदेश, शहरी विकास तथा भवन कार्यालयको वडा कार्यालय निर्माणका लागि विनियोजित बजेट सम्बन्धमा ।

४. सहजीकरण समिति अनुमोदन सम्बन्धमा ।

५. आर्थिक ऐन २०८३ मा संशोधनको सूचना प्रकाशन सम्बन्धमा ।

६. योजनाको (Variation Order VO) सम्बन्धमा ।

७. ठेक्का म्याद थप सम्बन्धमा ।

८. भालेश्वर ढुंगा रोडा उद्योग प्रा. लि. को उपजात/फोहोर पदार्थ (Waste Materials) हटाउन अनुमतिको निवेदन सम्बन्धमा

९. नगर विकास कोषमा सम्भाव्य आयोजना सूचीकरण प्रस्ताव सम्बन्धमा

१०. विपद् व्यवस्थापन कोषबाट सञ्चालित योजनाहरुको अनुमोदन सम्बन्धमा

११. सि.जी. प्रोपर्टीज प्रा. लि. को वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा

१२. ठेक्का रद्दगरि पुन सूचना गर्ने सम्बन्धमा

१३. विविध

गोविन्दराज ओली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आ.व. २०८३/०८४ बैठक संख्या: ०२ मिति २०८३/०५/१५

## कार्यपालिका बैठकको निर्णयहरु:-

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं. २**

मिति २०८३ साल भदौ १० गते बुधबार रसुवास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण भएको अपूरणीय जनधनको क्षतिप्रति पनौती नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ। विपद्को यस त्रासदीपूर्ण एवम् पीडादायी घडीमा ज्यान गुमाउने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं। साथै, घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

मिति २०८३ साल भदौ १५ गते सोमबार बिहान बसेको नगर कार्यपालिकाको आर्थिक वर्ष २०८३/०८४ को दोस्रो बैठकबाट विपद्मा परी बेपत्ता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा घाइते एवम् प्रभावित नागरिकहरुको सुरक्षित पुनर्स्थापना र सहज जीवनयापनका लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा ३०,००,००० (अक्षरुपी तीस लाख) रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरियो साथै उक्त रकम निम्नानुसार स्रोतबाट व्यवस्थापन गर्ने :

१. कर्मचारीको हकमा नेपाल सरकारले तोके बमोजिमको तलब स्केलबाट कट्टा गरी,
२. जनप्रतिनिधिको हकमा नगर प्रमुखको १ महिनाको पुरै पारिश्रमिक र अन्य जनप्रतिनिधिको हकमा पारिश्रमिकको ३५ प्रतिशत रकम उपलब्ध गराएर,
३. नपुग हुने बाँकी रकम सम्बन्धित वडा कार्यालयको सामाजिक विकासतर्फको बजेटबाट बराबरी कट्टा हुने गरी ।

**निर्णय नं. ३**

बागमती प्रदेश सरकारले शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोकबाट आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने गरी वडा कार्यालय भवन निर्माण, पनौती-१२ शीर्षकमा बजेट विनियोजन गरेकोमा हाल पनौती-१२ स्थित कर्पौली भूमिडाँडा स्वास्थ्य चौकिले प्रयोग गर्दै आएको यस नगरपालिकाको भवनमा तला थप गर्ने निर्णय गरियो ।

सिरराज ओली
प्रशासकीय अधिकृत

## पनौती नगर कार्यपालिकाको निर्णय किताब

आ.व. २०८३/०८४ | बैठक संख्या: ०२ | मिति २०८३/०५/१५

**निर्णय नं. ४**

मिति २०८३/०४/२८ गते पनौती नगरपालिकाका प्रतिनिधि र बागमती टिपरं व्यवसायी संघका प्रतिनिधि बीच भएको छलफलबाट गठन भएको देहाय अनुसारको सहजिकरण समिति अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. बागमती टिपर व्यवसायी संघले तोकेको प्रतिनिधी | १ (एक) जना |
| २. खानी व्यवसायी संघले तोकेको प्रतिनिधी | १ (एक) जना |
| ३. वडा नं. १२ ले तोकेको प्रतिनिधी | १ (एक) जना |
| ४. वडा नं. ८ ले तोकेको प्रतिनिधी | १ (एक) जना |
| ५. श्रोत उपयोग कर संकलन कार्यको ठेकेदार प्रतिनिधी | १ (एक) जना |
| ६. योजना तथा पूर्वाधार विकास शाखाको शाखा प्रमुख, पनौती नगरपालिका | १ (एक) जना |
| ७. राजस्व शाखाको प्रतिनिधी, पनौती नगरपालिका | १ (एक) जना |

**निर्णय नं. ५**

पनौती नगरपालिकाको स्थानीय राजपत्र खण्ड :१०, भाग १, मिति २०८३/०४/०१ मा प्रकाशित "पनौती नगरपालिकाको आर्थिक ऐन, २०८३" मा भुलबश छपाई फरक पर्न गएकोले सो ऐनका देहाय अनुसार अनुसूचिहरुमा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो :

१. अनुसूचि-२ देखि अनुसूचि-५ तथा अनुसूचि ८ को ८.३ हरुमा उल्लिखित स्वीकृत दरमा उल्लेख भएको "मु.अ.कर बाहेक" भन्ने शब्द हटाउने ।

२. अनुसूचि-६ को स्वीकृत दरमा "मु.अ.कर बाहेक हुन गएकोमा सो शब्द सच्याई" "मु.अ.कर सभेत" कायम गर्ने ।

**निर्णय नं. ६**

वडा नं. ४ स्थित "Upgradation Of Arunodaya Marga And Bus park To Nagarpalika Road" (ठेक्का नं. Panauti/NCB/Works4-7/2082/83/80) अन्तर्गत कालोपत्रे गर्दा छुटेको Sub-Base Item तथा अन्य थप कार्यका लागि लाग्ने थप रकम रु. १५,००,०००/- (अक्षरेपी पन्ध्र लाख रुपैयाँ मात्र) नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

## निर्णय नं. ७

ठेक्का म्याद थप सम्बन्धमा: तपसिल बमोजिमका योजनाहरूको म्याद थप गर्ने निर्णय गरियो:

| S.N. | Contract Name | Contract ID | Ward No. | Contractor Name | Revised Date of Completion (YYYY-MM-DD) |
|---|---|---|---|---|---|
| 1 | Nursery Highland Road | Pnt/ncb/152E/2082/83-01 | ५ | Joshi G Construction Pvt. Ltd | २०८३-०८-२९ |
| 2 | Roshi Corridor Protection Works Ward 12 | Pnt/ncb/roshi/2082/83-02 | १२ | Hyulia/Januka/Monalisa | २०८३-०८-२९ |
| 3 | Construction of ward 2 budget book S.N 820,821,635,823,824,523,524,525,526,825,826,822 | Panauti/Ncb/Works/02/2082/83/06 | २ | Satarupa Nirman Sewa | २०८३-०८-२९ |
| 4 | Construction works of ward 5 budget book S.No. 600,599,592,874,867,758,759 | Panauti/NCB/Works/Ward5/2082/83/15 | ५ | Pariyojana Design & Construction Pvt. Ltd | २०८३-०८-२९ |
| 5 | Construction of Kapalkot Shantimarga Lajjawati Remaining Road, Ward 7 | Panauti/Ncb/Works/Ward07/Kapalkot/2082/83/19 | ७ | Namaste Nepal Nirman Sewa | २०८३-०८-२९ |
| 6 | Upgrading of chhap chindu road panauti 12 | Panauti/Ncb/Works/ward 12/2082/83/26 | १२ | Subodita Constuction Pvt. Ltd | २०८३-०८-२९ |
| 7 | Upgradation of Dhadachaur Budhapokhari Ranikot Roadway and Construction of Drain, Panauti-1 | Panauti/Ncb/Works/ward1/Dhadakhaur/2082/83/32 | १ | Greenhill Planner and Construction Pvt. Ltd | २०८३-०८-२९ |
| 8 | Construction work of ward 11 budget book S.N 506,507,508,556,632,966,970,977,979 | Panauti/Ncb/works/ward11/2082/83/48 | ११ | Ambu Nirman Sewa | २०८३-०८-२९ |
| 9 | Laying of Flagstone at Ward no. 7 under Budget Book Serial No. 511,607, 902, 903, 905, 909, 910 | Panauti/Ncb/Works/Ward7/Flagstone/2082/83/51 | 7 | Chhyume Lama Nirman Sewa | २०८३-०८-२९ |
| 10 | Bhandari Gaun Baunne Pul Sunthan Sadak | Panauti/NCB/Works/Ward9/BauneSunthan/2082/83/52 | 9 | SK Nirman Sewa | २०८३-०८-२९ |
| 11 | Kamerechaur Pul Nirman, Ward no. 1 | Panauti/NCB/Works/Ward1/Kamerechaur/2082/83/54 | 1 | Maheswarya Nirman Sewa | २०८३-०८-२९ |
| 12 | Construction Works of Ward No. 6 Budget Book Serial No 883, 894, 561, 560, 884, 892, 882 | Panauti/NCB/Works/Ward6/2082/83/56 | 6 | Kotdevi Nirman Sewa | २०८३-०८-२९ |
| 13 | Construction works of ward 3 budget book S.N 657,663 and 847 | Panauti/Ncb/works/ward03/2082/83/59 | 3 | Greenhill Planner and Construction Pvt. Ltd. | २०८३-०८-२९ |
| 14 | Construction works of ward 03 budget book S.N 840 and 838 | Panauti/Ncb/works/ward03/2082/83/61 | 3 | Greenhill Planner and Construction Pvt. Ltd. | २०८३-०८-२९ |
| 15 | Construction works of ward 10 budget book S.No. 678, 961, 962, 659, 682 | Panauti/Ncb/Works/ward10/2082/83/63 | 10 | Greenhill Planner and Construction Pvt. Ltd | २०८३-०८-२९ |
| 16 | Construction Works of Ward No 5 Budget Book Serial No. 571, 674, 702, 707, 726, 786, 872, 881 | Panauti/Ncb/Works/Ward5/2082/81/Re64 | 5 | Mahabharat Nirman | २०८३-०८-२९ |
| 17 | Manedovan Murali Khola Raanikot Sadak, Ward No. 1 | Panauti/NCB/Works/Ward1/2082/83/70 | 1 | Namaste Nepal Nirman Sewa | २०८३-०८-२९ |
| 18 | वडा नं. ८ को कार्यालय भवन निर्माण | ConW8/49/2080/81 | 8 | N.C Nirman Sewa | २०८३-०३-२० |
| 19 | नागर्कोट खेल मैदान निर्माण कार्य | Connaage/35/40/2081/82/ | 9 | Nepal Singa Construction | २०८३-०८-२९ |

## निर्णय नं. ८

भालेश्वर ढुंगा रोडा उद्योग प्रा. लि. को उपजात/फोहोर पदार्थ (Waste Materials) प्रशोधन तथा बिक्री-वितरण अनुमतिको निवेदन सम्बन्धमा सम्बन्धित खानी क्षेत्रमा

मौज्दात रहेको उपजात/फोहोर पदार्थ (Waste Materials) को परिमाण मापन (Quantity Survey) गराई, सोही नापजाँच प्रतिवेदनका आधारमा कायम भएको परिमाण हटाई खानी क्षेत्र सरसफाई गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

नगर विकास कोषमा सम्भाव्य आयोजना सूचीकरण प्रस्ताव सम्बन्धमा:

९.१. यस नगरपालिकाको वडा नं. ४ स्थित संसारी देवी क्षेत्रमा रहेको करिब १६-१७ रोपनी जग्गामा शीत भण्डारण गृह (Cold Storage) तथा फलफूल एवं तरकारी प्रशोधन/वर्गीकरण (Grading) गृह निर्माणका लागि सम्भाव्यता अध्ययन (Feasibility Study) गर्न नगर विकास कोषसमक्ष प्रस्ताव पेस गर्ने निर्णय गरियो।

९.२. उक्त आयोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने २०% वित्तीय दायित्व स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

विपद् कोषमार्फत सञ्चालनमा आएका तथा सञ्चालन गरिने देहाय बमोजिमका योजनाहरूको स्वीकृति तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो:

ठूलोपोखरी काफ्ले खानेपानी आयोजना (पनौती-३) – रु. २,६०,०००/-

मोठ कुलभर्ट (Culvert) बाटोमा रिटेनिङ पर्खाल निर्माण (पनौती-३) – रु. ३,००,०००/-

भालेश्वर घाटमुनि वैकल्पिक सडक संरक्षण (ग्याबियन जाली) (पनौती-१२) – रु. ५,००,०००/-

सिमल्वगर पुलमाथि वैकल्पिक सडक संरक्षण (ग्याबियन जाली) (पनौती-८) – रु. १०,००,०००/-

थामी बस्ती वैकल्पिक सडक संरक्षण (ग्याबियन जाली) (पनौती-८) – रु. १०,००,०००/-

मल्पी ड्याम हुँदै तिपचोक सडकमा अधुरो ग्याबियन कार्य (पनौती-८) – रु. ५,५०,०००/-

टिमुरे भिर वैकल्पिक सडक संरक्षण (ग्याबियन जाली) (पनौती-८) – रु. १०,००,०००/-

विपद् उद्धार सामग्री खरिद कार्य – रु. १,००,०००/-

नेर्मा पसल पानी तान्ने पम्प खरिद (पनौती-१) – रु. १,५०,०००/-

मानेदोभान मुरलीखोला पुल संरक्षण (२० वटा जाली) (पनौती-१) – रु. ३,५०,०००/-

मानेदोभान खानीखोला पुल संरक्षण (२० वटा जाली) (पनौती-१) – रु. ३,५०,०००/-

मुरलीखोला थिङ टोल मोटरबाटो निर्माण (पनौती-१) – रु. ५,००,०००/-

शिराम ओली
शासकीय अधिकृत

**निर्णय नं. ११**

सि.जी. प्रोपर्टीज प्रा. लि. को वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा प्रस्तावित आयोजना तथा कार्यसँग सम्बन्धित क्षेत्रको विशेषज्ञका रूपमा वातावरण तथा पूर्वाधार क्षेत्रमा कार्यरत विज्ञ ई. सितु सैंजू (पनौती-७) लाई वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन/समीक्षाका लागि विज्ञ नियुक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०४/२५ गते विभिन्न निर्माण कार्यहरुका लागि विद्युतीय खरिद प्रणाली (e-GP System) मार्फत पेश गर्ने गरी आह्वान गरिएका सम्पूर्ण बोलपत्रहरु (जम्मा ४६ वटा) सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), केसरमहल, काठमाडौंको प.सं. सू.प्र.- ०८३/८४, च.नं. MIT/१२२, मिति २०८३/०४/११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/मर्मतसम्भार भइरहेको हुनाले अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन प्राप्त भए अनुसार उक्त बोलपत्रहरु रद्द गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरियो /

**निर्णय नं. १३ (विविध)**

यस पनौती नगरपालिका, कृषि तथा पशुपन्छी शाखामा प्राविधिक सहायक (पाँचौ) तहमा कार्यरत कर्मचारी श्री शान्ता थापाको कार्यालयको कामको सिलसिलामा फिल्डमा खटि जाने क्रममा सवारी दुर्घटनामा परि खुट्टा भाँचिएको हुँदा उपचार सहयोग बापट जम्मा रु ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

बैठक संख्या :- दोस्रो    निर्णय सख्या :- १३    पाना संख्या :- ८    प्रमाणीकरण मिति :- २०८३/०५/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २(ज) बमोजिम प्रमाणित गरिएको ।

सहि :-

नाम :- नोखिराम ओली

पद :- प्रमुख प्रशासकीय अधिकृत

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

CamScanner